# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
# सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
# सेवा करारमा व्यक्ति छनोट सम्बन्धी सुचना !

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सुदूरपश्चिम प्रदेश अन्तर्गतका शिक्षालयहरुमा अर्को व्यवस्था भएमा स्वतः नरहने गरी हाललाई २०८३ आषाढ मसान्तसम्मको लागि प्राविधिक/प्रशिक्षण तर्फ देहायका पदहरुमा सेवा करारमा व्यक्ति छनोट गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मितिः २०८२/०९/२३ गते सम्म) कार्यालय समयमा आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र तोकिएको दस्तुर सहित दरखास्त फाराम संलग्न राखि यस कार्यालयको Email: ctevtspokailali@gmail.com मा इमेल गर्नुहुन वा कार्यालय समय भित्र भौतिक रुपमा उपस्थित भई दरखास्त बुझाउनु हुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>:

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय अन्तर्गतका शिक्षालयहरुका लागि आवश्यक पदहरु।**

| बिज्ञापन नं. | पद नाम | श्रेणी | माग संख्या | प्रशिक्षण गर्नु पर्ने शिक्षालय |
|---|---|---|---|---|
| २०८२/०८३-१ | कृषि प्रशिक्षक (पशु विज्ञान) | अधिकृत स्तर तृतीय श्रेणी (प्राविधिक) | ४ | टीकापुर बहुप्राविधिक शिक्षालय, टीकापुर, कैलाली र सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी । |
| २०८२/०८३-२ | स्वास्थ्य प्रशिक्षक (फार्मेसी) | अधिकृत स्तर तृतीय श्रेणी (प्राविधिक) | ४ | मगंलसेन बहुप्राविधिक शिक्षालय, मगंलसेन अछाम र शुक्लाफाँटा बहुप्राविधिक शिक्षालय, झलारी, कंन्चनपुर । |
| २०८२/०८३-३ | बायोलोजी प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी (प्राविधिक) | २ | मगंलसेन बहुप्राविधिक शिक्षालय, मगंलसेन अछाम र शुक्लाफाँटा बहुप्राविधिक शिक्षालय, झलारी, कंन्चनपुर । |

**माथि उल्लेखित पदहरुको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता देहाय बमोजिम रहेको छ।**

***प्राविधिक तथा प्रशिक्षण सेवा (अधिकृत स्तर तृतीय श्रेणी) तर्फः***

| सि. नं. | पदनाम | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | कृषि प्रशिक्षक (पशु विज्ञान) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (पशु विज्ञान) विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। (BVSC & AH) |
| २. | स्वास्थ्य प्रशिक्षक (फार्मेसी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ४. | बायोलोजी प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट Zoology वा Botany विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |

| | |
|---|---|
| १. | **उमेरको हदः** अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक पदको लागि २१ बर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको। "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्दछ। |
| २. | **समकक्षता** निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपी स्वयंद्वारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । दरखास्त साथ पेश नभएको समकक्षता मान्य हुने छैन। |
| ३. | **व्यवसायी परिषद् दर्ताः** प्राविधिक तथा प्रशिक्षण सेवा अन्तर्गत प्राविधिक पदमा दरख्वास्त दिने उम्मेदवारले आफ्नो उपाधिसंग सम्बन्धित पेशा व्यवसायको काम गर्न सम्बन्धित परिषद् लगायत पेशागत संगठनहरुमा दर्ता हुनुपर्नेको हकमा सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। |
| ४. | **तलबभत्ता र सुबिधाः** परिषद्, कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौ संशोधन सहित) बमोजिम हुनेछ। |
| ५. | **कार्य गर्नु पर्ने स्थानः** परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालयबाट तोकिएका आङ्गिक शिक्षालयमा गई कार्य गर्नु पर्ने छ। |
| ६. | सूचनामा उल्लिखित म्याद भित्र दर्ता नभएको र न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन। त्यस्तो फाराम स्वीकृत भएको पाईएमा जुनसुकै बखत पनि स्वतः रद्द हुनेछ। |
| ७. | पाठ्यक्रम परिषद्को वेबसाइट www.ctevt.org.np मा Log In गरी CAREER बाट सेवा करारको पाठ्यक्रम डाउनलोड गर्न सकिने छ। |
| ८. | **दरखास्त दस्तुरः** परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, धनगढी, कैलालीमा रहेको खाता नं. ४१७०१००००६५०८००१ (CTEVT SUDURPASCHIM PROVINCE OFFICE) मा देहायको श्रेणी अनुसार तोकिएको परीक्षा दस्तुर बुझाई सो को सक्कल भौचर स्क्यान गरी संलग्न गर्नु पर्ने छ। साथै दस्तुर जम्मा गर्दा बैंक भौचरमा दरखास्त दिने निवेदकको नाम थर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ। |
| ९. | **दरखास्त दस्तुरः** |

| सि.नं. | श्रेणी | परीक्षा दस्तुर |
|---|---|---|
| १. | अधिकृत स्तर तृतीय | १०००।- |

| | |
|---|---|
| १०. | **परीक्षाको किसिम तथा अङ्क भारः** अङ्क भार तथा प्रतियोगिताको किसिम सेवा सम्बन्धी दोश्रो पत्रबाट १ (एक) घण्टाको समयमा लिईनेछ । बस्तुगत बहुउत्तर परीक्षा प्रश्न संख्या ५० र प्रति प्रश्नको अङ्क भार २ हुने छ । कुल पुर्णाङ्कः १०० र उत्तिर्णाङ्कः ४० हुनेछ। |

| | |
|---|---|
| ११. | यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, कर्मचारी सेवा सर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौं संशोधन सहित) र अन्य प्रचलित कानुन बमोजिम हुनेछ। |
| १२. | उपरोक्त बमोजिमका समान पदहरुको लिखित परीक्षा एकै दिन एकै समयमा परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालयले तोकेको स्थानमा संचालन हुनेछ। |
| १३. | **फारामः** फाराम www.ctevtsppo.org.np बाट डाउनलोड गर्न सकिने छ अथवा यस कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ। |
| १४. | **आवेदन फाराम बुझाउने स्थानः** सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली। |
| १५. | परीक्षा मिति :- पछि प्रकाशित गरिने छ । उक्त सूचना यस कार्यालयको website बाट प्राप्त गर्न सकिनेछ । |
| १६. | थप जानकारीको लागि : ९८५८४८८०४८ र सम्पर्क टेलिफोन नंः ०९१-४१२१८८ मा सम्पर्क गर्न सकिने छ। |

**अध्यक्ष**

**सेवा करार व्यक्ति छनोट उप-समिति**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# सुदूरपश्चिम प्रदेश कार्यालय

धनगढी, कैलाली

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फारममा पर्ने गरी उम्मेदवारको दस्तखत |
|---|

## सेवा करारमा व्यक्ति छनोटका लागि दरखास्त फारम

**(क) वैयात्तिक विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| | नाम थर | (देवनागिरीमा) | | | |
| | | (अंग्रेजी ठुलो अक्षरमा) | | | लिङ्ग : |
| | नागरिकता नं : | | जारी गर्ने जिल्ला : | | मिति : |
| | स्थायी ठेगना | क) प्रदेश : | ख) जिल्ला : | ग) वडा नं. | |
| | घ) न.पा./गापा : | | | ङ) मोवाईल नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेल : | |
| बाबुको नाम,थर : | | | आमाको नाम,थर : | | जन्म मिति : |
| बाजेको नाम,थर : | | | | हालको उमेर : | वर्ष महिना |

**(ख) शैक्षिक योग्यता** (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |

**(ग) दरखास्त सम्बन्धी विवरण**

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/सेवाकरार | | |
|---|---|---|---|---|---|---|
| CTEVT सुदुरपश्चिम प्रदेश कार्यालय अन्तर्गतका शिक्षालय | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा नेपालको प्रचलित कानून बमोजिम सहनेछु / बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | |

| | | |
|---|---|---|
| कार्यालयले भर्ने : | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत :<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको :<br>दस्तखत :<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ । (१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (४) सम्बन्धित व्यवसायिक परिषद्को दर्ता प्रमाण पत्र (लाइसेन्स) प्रतिलिपि (५) सवारी चालक को अनुमति पत्र (आवस्यक पदको मात्र) ।